# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३


प.सं. ०७७/०७८
च.नं. १३३१०

आन्तरिक लेखापरीक्षण शाखा

मिति: २०७७/०७/२५

राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

### लेखापरीक्षण नामावली सिफारिस गर्ने सम्बन्धी विद्यालयहरुलाई अत्यन्त जरुरी सूचना।

**प्रथम पटक प्रकाशित मिति -२०७७/७/२५**

यस नगरक्षेत्रभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको आ.व. २०७६/०७७ सम्मको आर्थिक कारोबारको लेखापरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने भएकोले आईक्यान (ICAN)को सूचीमा समावेश भई २०७८ आषाढ मसान्त सम्म मान्य हुने गरी पेशागत प्रमाणपत्र अद्यावधिक गरेको र आ.व. २०७६/७७ सम्मको कर चुक्ता समेत गरेका लेखापरीक्षकहरु मध्ये कम्तीमा तीन वटा लेखापरीक्षकको नामावली आजका मितिले १५ दिन भित्र यस कार्यालयमा सिफारिस गरी पठाउनुहुन सम्बन्धित सवै विद्यालयहरु र लेखापरीक्षकको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै निर्धारित मिति भित्र सम्बन्धित विद्यालयको सिफारिस प्राप्त हुन नआएमा कार्यालयले आवश्यक निर्णय गरी लेखापरीक्षक नियुक्ति गरी लेखापरीक्षणका लागि विद्यालयमा पठाउन सक्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**नगरक्षेत्रभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुले सिफारिस गरेको लेखापरीक्षकले तपसिल बमोजिमका कागजातहरु राप्ती नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखामा पेश गर्नुहुन अनुरोध छ ।**

- आ.व २०७७/७८ सम्मको लेखापरीक्षण प्रमाणपत्र नविकरण गरेको इजाजत पत्रको प्रतिलिपि ।
- आ.व २०७६/७७ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- विद्यालयवाट सिफारिस भएका लेखापरीक्षक स्वयंमले उल्लेखित कागजात सहित लेखापरीक्षण गर्ने लिखित आशयपत्र ।

गंगाबहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

☎:०५६-५५००१५ । इमेल : rraptimunicipality42@gmail.com | वेवसाइट : www.raptimun.gov.np